**अनुसूची- २**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : २ प्रमाणिकरण मितिः२०७९/०४/०१ प्रकाशन मितिः२०७९/०४/०३

## भाग - १

**भजनी नगरपालिकाको आर्थिक बर्ष २०७९/०८०को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९**

**प्रस्तावना :** भजनी नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिमभजनीनगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम र प्रारम्भः** **(१)**यस ऐनको नाम " भजनी नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७९।०८०को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७९।०८०को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६७ ,३८,१४,०००(सत्सठी करोड अठतीस लाखचौध हजार मात्र )मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** **(१)** यस ऐन द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८०को निमित्त भजनी नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको **२५प्रतिशत**मा नबढ्ने गरी कुनै एक वा एक भन्दा

बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको **२५ प्रतिशत** भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४) यस नगरपालिकाको आ.व.२०७९/०८०को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन विधेयकको अनुमानित आर्थिक, सामाजिक, बातावरण तथाविपद् व्यवस्थापन, संस्थागत विकास सेवा प्रवाह, वित्तिय व्यवस्थापन र सुशासन लगायत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षक अर्न्तगतको बजेट सिमाभित्र रहि नगर कार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अख्तियारी प्राप्त अधिकारीले निर्णय गरी कार्यक्रम तथा बजेट कार्यन्वयन गर्न सक्नेछ ।

५) आ.व.२०७९/०८०मा केन्द्र सरकार, प्रदेश सरकार र अन्यदातृ निकायबाट कुनै कार्यक्रम/आयोजनाका लागि थप बजेट प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी सो बराबरको रकम संञ्चित कोष खाताबाट खर्च गर्न सक्नेछ ।

६) आ.व.२०७९।०८०का लागी विनियोजित वजेटको सीमाभित्र रहीनगर कार्यपालीकाले निर्णय गरी खर्च शिर्षक मिलानहुने गरी औचित्यताका आधारमा कार्यक्रम तथा आयोजनाहरुमा बजेट बाँडफाँड र संसोधन गर्न सक्नेछ ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
**संचित कोषबाट विनियोजन हुने रकम ( रु.हजारमा )**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | चालुखर्च (केन्द्र र वडा तर्फ) | १७५०५० | ० | ० | १७५०५० |
| २ | | नगरस्तरीय योजना (पुँजीगत) | ० | ७९३६४ | ० | ७९३६४ |
| ३ | | वडास्तरीय योजना (पुँजीगत) | ० | ८६४०० | ० | ८६४०० |
| ४ | | समपुरककोष चालु तर्फ | ९२०० | ० | ० | ९२०० |
| ५ | | समपुरककोष पुँजी गत तर्फ | ० | २०००० | ० | २०००० |
| ६ | | शशर्तअनुदानपुजीगत (संघिय सरकार ) | ० | ३०५०० | ० | ३०५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | | शशर्तअनुदान चालु (संघिय सरकार ) | २२०२०० | ० | ० | २२०२०० |
| ८ | | विशेषअनुदान (संघिय सरकार ) | ० | ५००० | ० | ५००० |
| ९ | | समपुरकअनुदान( सङ्घीय सरकार) र नगरपालिकाको ५०% म्याचिंग सहित | ० | ४०००० | ० | ४०००० |
| १० | | पदाधिकारीदुर्घटना बिमा कोष | १५०० | ० | ० | १५०० |
| ११ | | समपुरकअनुदान(प्रदेश सरकार) र नगरपालिकाको ५०% म्याचिंग सहित | ० | ६६०० | ० | ६६०० |
| | | **जम्मा बजेट रु.** | ४०५९५० | २६७८६४ | ० | ६७३८१४ |

आज्ञाले,
सुर्य बहादुर सिंह
प्रमुख प्रशासकीय अधिकृत